विद्यार्थीलाई गाउँपालिकाका समग्र अवस्थाका बारेमा जानकारी गराउने गरी गाउँपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक निर्माण गरिएको हो। गाउँपालिकाले आधारभूत तह १(८ लागि 'हाम्रो विनयी त्रिवेणी' नामको पाठ्यक्रम निर्माण गरेको गाउँपालिका अध्यक्ष घनश्याम गिरीले बताउनुभयो।

विज्ञ र स्थानीय सरोकारवालाको समन्वयमा तयार भएको स्थानीय पाठ्यक्रमले विनयी त्रिवेणीको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, सामाजिक तथा कृषि, पर्यटनलगायत चिनारीमा समेत सहयोग पुर्‍याउने ... संविधानले स्थानीय पाठ्यक्रमको परिकल्पना गर्दै त्यसको निर्माण गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएकाले त्यसको अभ्यास गरेका छौं।"

पाठ्यक्रममा गाउँपालिकाको भूगोल, कला, संस्कृति, इतिहास, भाषा, धर्म, स्वास्थ्य, सरसफाइ, पर्यावरण, पेसा/व्यवसाय, विपद् व्यवस्थापन तथा जीवनोपयोगी सीप समेटेर पाठ्यक्रम निर्माण गरेको विनयी त्रिवेणी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बोधराज बस्यालले बताउनुभयो। "विद्यार्थीलाई कक्षागत आधारमा,स्थानीय पाठ्यक्रममा विभिन्न विषय समावेश गरिएको छ", उहाँले भन्नुभयो, "आधारभूत पाठ्यक्रममा ... सबै विद्यालयमा पाठ्यपुस्तक एक हप्ताभित्रमा निःशुल्क उपलब्ध गराउने गरी तयारी गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख भूपराज पाण्डेले बताउनुभयो। "पाठ्यक्रममा आधारित रहेर पाठ्यपुस्तक लेखन र छपाइको काम सकेर वैशाखभित्रमै विद्यालयमा कार्यान्वयनमा लगिने छ", उहाँले भन्नुभयो। पाठ्यक्रमले तहगत सक्षमतासमेत तय गरेको छ। कक्षा १३ ले गाउँ, वडा र पालिकाको परिचय, स्थानीय प्राकृतिक स्रोत तथा सम्पदा र पर्यटकीयस्थलको पहिचानलगायतका सक्षमता हासिल गर्ने पाठ्यक्रममा उल्लेख छ।

पर्यटन र व्यापारको सम्भावना अध्ययन गर्न सक्ने सक्षमता हासिल गर्न सक्ने पाठ्यक्रममा उल्लेख छ।

आफैंले देखेका, प्रयोग गरेका, दैनिकीसँग जोडिएका कुरा किताबमा समेटिँदा पढाइमा नयाँपन थपिएको जनता आधारभूत विद्यालयका प्रधानाध्यापक गणेशप्रसाद बस्यालले बताउनुभयो। उहाँका अनुसार स्थानीय पाठ्यक्रमअन्तर्गत वडा, स्थानीय सामाजिक संस्था र गाउँपालिकाको सामान्य जानकारी, विनयी त्रिवेणी गाउँपालिकाको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्थाका बारेमा जानकारी पढाइ हुने गरेको छ।

... गर्ते देशव्यापी प्रदर्शन हुने भएको छ।

पोस्टरमा फिल्मको शीर्ष पात्रहरुलाई समेटिएको छ। दीया र विजयसहित रेश्मा घिमिरे, एवनराज उप्रेती लगायत पोस्टरमा चित्रित छन्। अभिनेता लामाले यो फिल्मको कथावस्तु गितान्त नयाँ रहेको बताए। निर्माता, निर्देशक र अभिनेताले समेत जोखिम मोलेर काम गरेको अनुभव उनले सुनाए।

नेपालमा विदेशी फिल्मको वितरण गर्दै आएको कम्पनी एप्पल इन्टर टेनमेन्टले यो फिल्मलाई देशव्यापी वितरण गर्न लागेको हो। एप्पलकी जेनिश पहारीले फिल्मको स्टोरीलाइन रोचक रहेको बताइन्। यो फिल्म सामाजिक तथा सांस्कृतिक कथावस्तुमा निर्माण भएको हो। एक हत्या घटनाको रहस्यको वरपर कथा बुनिएको छ।

फिल्मलाई प्रदीप शाहीले निर्देशन गरेका हुन्। शाहीको निर्देशनमा बनेको पहिलो फिल्म '१९१५ लेजेन्ड अफ गोर्खाज' अमेजन प्राइममा मे २ देखि स्ट्रिमिङ हुँदैछ। फिल्ममा त्रिचन्द्र राई, विशाल पहारी, कृष्णभक्त महर्जन लगायतको अभिनय छ।

---

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय कैलाली

## सब डिभिजन वन कार्यालय खैराला

चुरे, कैलाली

मिति : २०८०/०१/१३

पत्र संख्या : २०७९/०८०
च.नं. :

### काठ दाउरा बिक्री वितरण सम्बधी सूचना !

डिभिजन वन कार्यालय पहलमानपुर कैलालीको च.नं. १४१५ मिति २०७९-११-२२ गतेको संकलन सहमति अनुसार यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट काठ संकलन भई समुहको वन क्षेत्रमा घाटगद्धी भएको काठ सामुदायीक वन उपभोक्ता समूहको मिति २०७९-१२-१३ गतेको समुहको निर्णय च.नं ०७ मिति २०८०-०१-१२ गतेको पत्र र सब डिभिजन वन कार्यालय खेतालाको मिति २०७९-१२-२६ को सहमति अनुसार आन्तरिक खपत भइ बाकिँ रहेको काठ च.नं. ०७ मिति २०८०-०१-१३ गतेको निर्णय अनुसार सामुदायीक वनमा संकलन सहमति भएको साल र असममा प्रजाती गरि थान १२८ को १३३५१५ क्युफिट काठ दाउरा छिमेकी समुह तथा कैलाली जिल्ला भित्रका उपभोक्ताहरुलाई बिक्री वितरणका गर्न (१०) दश दिने यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**नौमुले सामुदायिक वन उपभोक्ता समुह**
चुरे गा.पा.-४ , कैलाली

---

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय कैलाली

## सब डिभिजन वन कार्यालय खैराला

चुरे, कैलाली

मिति : २०८०/०१/१४

पत्र संख्या : २०७९/०८०
च.नं. : १५४

### काठ दाउरा बिक्री वितरण सम्बधी सूचना !

डिभिजन वन कार्यालय पहलमानपुर कैलालीको च.नं. १०६८ मिति २०७९-११-१४ ... सहमति अनुसार यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट काठ संकलन भई समुहको वन क्षेत्रमा घाटगद्धी भएको काठ सामुदायीक वन उपभोक्ता समुहको मिति २०८०-०१-०२ गतेको समितिको निर्णय अनुसार सामुदायिक आन्तरिक खपत भइ बाकिँ रहेको काठ च.नं. २० मिति २०८०-०१-१२ गतेको निर्णय अनुसार सामुदायिक वनको काठ दाउरा छिमेकी समुह तथा कैलाली जिल्ला भित्रका उपभोक्ताहरुलाई घरयासी प्रयोजनका लागि ... बिक्री वितरणका गर्न (१०) दश दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हिमाल सामुदायिक वन उपभोक्ता समुह**
मोहन्याल गा.पा.-५ रंगेछडा , कैलाली